# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भदौ १४ गते

सन्दर्भ: बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिन, अगष्ट ३०

**सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर ।**

तत्कालिन ने.क.पा. (माओवादी) द्वारा घोषणा गरिएको सशस्त्र द्वन्द्वको क्रममा सुरक्षा निकाय तथा द्वन्द्वरत पक्षबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक हुन नसकेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

बेपत्ता पारिएका व्यक्तिहरुको खोजवीनको लागि आयोगमा विभिन्न समयमा उजुरीहरु परेको र खोजवीनको क्रममा आवश्यकता अनुसार आयोगले शवोत्खनन् कार्यसमेत गरी स्थिति सार्वजनिक गर्दै आएको छ । बेपत्ता पारिएका भनी आयोगमा पर्न आएका उजुरीहरु मध्ये ८४६ जनाको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । विस्तृत शान्ति सम्झौता भएको १० वर्ष बितिसक्दा पनि बेपत्ता व्यक्तिहरुको खोजवीन गरी स्थिति सार्वजनिक नगरिनु दु:खद् पक्ष हो ।

लामो समयसम्म बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक हुन नसक्दा पीडित परिवार एकातर्फ साँस्कृतिक अधिकार, सत्यतथ्य जान्न पाउने अधिकार तथा अन्तरिम राहतबाट वञ्चित हुनुपरेको अवस्था छ भने अर्कोतर्फ मनोसामाजिक असर समेत पीडित परिवारमा परेको देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगबाट व्यक्तिलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी किटान गरी सिफारिस गरेका व्यक्तिलाई कानूनी कारवाही प्रक्रिया अगाडि बढ्न नसक्दा दण्डहीनताको अवस्था विद्यमान रहेको देखिन्छ ।

विस्तृत शान्ति सम्झौतामा उल्लेख भए अनुरुप सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई कार्यरत रहेको अवस्था छ । आयोगको कार्यअवधि केहि महिना मात्र बाँकी रहेको अवस्थामा बलपूर्वक बेपत्ता पार्ने कार्य जस्तो गम्भीर मानव अधिकार उल्लंघनबाट पीडितलाई न्याय प्रदान गर्ने संयन्त्र कानूनी रुपमा प्रभावकारी हुन नसक्ने स्थिति देखिंदा पीडितले न्याय पाउन सक्ने देखिंदैन । यस्ता संयन्त्रहरुले पीडितहरुलाई सत्य तथ्य जानकारी गराउने, दोषीलाई कारबाहीको लागि सिफारिस गर्ने र पीडित परिवारहरुलाई उचित क्षतिपूर्ति तथा परिपूरणको सुनिश्चितताका लागि स्वतन्त्र र निश्पक्ष भई कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । तसर्थ द्वन्द्वरत पक्षहरुबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको खोजवीन गरी स्थिति सार्वजनिक गर्न तथा बेपत्ता पारिएका व्यक्तिको परिवारको सत्यतथ्य जान्न पाउने अधिकारको सुनिश्चित गर्न आयोग नेपाल सरकारको पुन: ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhr@nhwnepal.org, Website: www.nhmnepal.org